आज मिति २०७६ साल माघ २२ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| वरिष्ठ इन्जिनियर | डा.राजु पौडेल | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**
प्रस्ताव नं.१: नीति तथा कार्यक्रमको समीक्षात्मक प्रगति प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२: कार्यक्रम तथा बजेट संशोधन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.३: विभिन्न समितिहरुको प्रगति प्रतिवेदन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.४: आर्थिक विधेयक २०७६ को संशोधन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.५: विनियोजन विधेयक २०७६ को संशोधन प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.६: व्यासको १०८ फिट मूर्ति निर्माणमा सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.७: विभिन्न ठेक्काका बोलपत्र मूल्यांकन स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.८: क्रमागत योजना सम्बन्धमा ।
प्रस्ताव नं.९: जिल्ला समन्वय समितिसँग किस्ता माग सम्बन्धमा ।
प्रस्ताव नं.१०: संगठन संरचना र दरबन्दी सम्बन्धमा ।
प्रस्ताव नं.११: आ.व.२०७५।०७६ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.१२: आवास सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.१३: प्रोत्साहन भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.१४: करार सेवाका कर्मचारीको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१५: शिक्षा नियमावली २०७६ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१६: पठन पाठनमा सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.१७: व्यास मादी उपत्यका एकीकृत नदी विकास आयोजना परामर्शदाता छनौट सम्बन्धमा

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा ३१ औं नगर सभाबाट पारित नीति तथा कार्यक्रम माथि छलफल गरी ३२ औं नगर सभामा तपसिलमा अनुसारको समीक्षात्मक प्रगति प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

नगर सभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक स्वागत अभिवादन गर्दै यो नगर सभा व्यास नगरवासीको हितमा उपलब्धीपूर्ण र सफल हुनेछ भन्ने विश्वास लिएको छु । यसअघि ३१ औं नगर सभाबाट पारित आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गरेको करिब ७ महिना व्यतित भइसकेको छ । यसै बीचमा हामीले गरेका कार्यहरुको समीक्षा प्रस्तुत गर्ने अनुमति माग्दछु । यो नगर सभाले अत्यावश्यक प्रस्तावहरु पारित गर्न बजेट तथा कार्यक्रमहरुलाई संशोधन गर्ने र कानूनहरु आवश्यकतानुसार पारित वा संशोधन गर्ने कार्य गर्नेछ । संशोधित बजेट तथा कार्यक्रम, संशोधित आर्थिक र विनियोजन विधेयक लगायत विभिन्न समितिबाट हालसम्म गरे भएका प्रतिवेदनहरु सम्बन्धित समितिबाट प्रस्तुत गरिने छ । समग्र नीति तथा कार्यक्रमको संक्षिप्त विश्लेषण बुँदागत रुपमा प्रस्तुत गर्दछु ।

१. सर्वप्रथम, नगर सदस्य एवं अनुशासन समितिका संयोजक स्व.हेमराज पोखेलज्यूको दुःखद देहावसानमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै १ मिनेट मौनधारण गर्न सम्पूर्ण सभा सदस्यज्यूहरुमा अनुरोध गर्दछु ।
२. ३१ औं नगर सभाबाट पारित १२७ बुँदामा परिलक्षित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न हामीहरु प्रतिवद्ध भएका छौ, क्रमशः नीति तथा कार्यक्रम अनुसार नगरपालिका अघि बढिरहेको छ । कृषि क्षेत्र, पर्यटन क्षेत्र, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, उद्योग क्षेत्र, अव्यवस्थित बसोबास र भूमि व्यवस्थापन, वन, वातावरण तथा विपद् व्यवस्थापन, यूवा तथा खेलकुद क्षेत्र, पूर्वाधार निर्माण, सञ्चारतर्फ, न्याय तथा मध्यस्थता, महिला, जनजाति, अपांगता आदि क्षेत्रमा कार्य गर्दै व्यास नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) गर्ने कार्य सम्पन्न भएको छ । नारेश्वर ताल निर्माण कार्यमा जग्गा प्राप्तिको प्रक्रिया अघि बढेको र बाँध निर्माणमा प्रदेश सरकारको ७५ लाख सहयोग प्राप्त भएको छ । साथै मादी नदी उपत्यका एकीकृत विकास परियोजनाको विस्तृत गुरुयोजना निर्माणको कार्य अघि बढाइएको छ । यस

कार्यमा सहयोग पुर्‍याउनु हुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदीशचन्द्र पोखेल, पूर्व सचिव श्री किशोर थापा, वरिष्ठ इन्जिनियर श्री उनम प्रधान, वरिष्ठ इन्जिनियर श्री देव श्रेष्ठलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

३. आर्थिक वर्ष २०७६।०७७ को बजेट तथा कार्यक्रम ३१ औं नगर सभामा प्रस्तुत हुँदा ३० बुँदामा नगरस्तरीय ७०, वडास्तरीय ३३७, क्रमागत १०० र विविध फुटकर योजना ७८ समेत जम्मा ५८५ योजनाहरु कार्यान्वयनको चरणमा छन् । वडागत योजनाहरु मध्ये २६ योजनाको कार्य सम्पन्न भएको, १५५ सम्झौता भइसकेको र १५६ सम्झौताको चरणमा रहेका छन् । नगरस्तरीय योजनाहरु ७० मध्ये २५ टेण्डर प्रक्रिया पुरा गरिएको, ७ योजनाहरु टेण्डर भइरहेको, १३ वटा योजना उपभोक्तासँग सम्झौता भएको बाँकी योजनाहरु ल.ई. भइरहेको र टेण्डर प्रक्रियामा जाने अवस्थामा छन् । वडागत सम्पन्न, सम्झौता भएका र बाँकी विवरण यसै साथ संलग्न छ । साथै व्यास ३ स्थित कृयापुत्री भवन सम्पन्न भएको र यस कार्यमा दाताहरुको उल्लेख्य सहयोग जुटाउने निर्माण समितिलाई धन्यवाद ज्ञापन गर्दछु ।

४. आव.व.२०७६।०७७ को चालु खर्चतर्फको रु.७७ करोड ८६ लाख ७९ हजार विनियोजन गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.२७ करोड ७८ लाख २ हजार ७ सय ३२ रुपैयां खर्च भएको र पूँजीगत खर्चतर्फ कुल रु.६० करोड १६ लाख ४६ हजार विनियोजन गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.१० करोड ९२ लाख ७७ हजार २ सय ५३ रुपैंया खर्च भइसकेको छ । यसरी हेर्दा चालु र पूँजीगत विनियोजित कुल बजेटको २८.०४ प्रतिशत खर्च भएको छ ।

५. यस वर्ष १ वडा १ प्राविधिकको व्यवस्थापन गर्ने उद्घोष गरिएकोमा केही भूकम्प तर्फका प्राविधिकहरु वडामा खटाइएकोमा अनुभवको कमीले बिचैमा काम छाडी गएका र केही प्राविधिकले काम गरिरहेका छन् । लोकसेवा आयोगबाट सिफारिस भई आउने गरी विज्ञापन भएका ९ जना प्राविधिक मध्ये एक जना अनुभवी इन्जिनियर आउनु भएको छ, बाँकी प्राविधिक आउनु हुनेछ भनी पर्खाइमा छौं । जग्गा विकास आयोजनालाई अलग्गै राखी ३ जना इन्जिनियर, २ जना जुनियर इन्जिनियर, र २ जना अमिनको व्यवस्था गरी छुट्टै व्यवस्थापन गरिएको छ भने ५ जना कृषि प्राविधिक र ५ जना पशु प्राविधिकहरुको थप व्यवस्थापन गरिएको छ । अझै केही वडाहरुमा प्राविधिक पुर्‍याउन नसक्दा पूर्वाधार निर्माण कार्यमा ढिलाई भएको छ ।

६. जग्गा विकास आयोजना अन्तर्गत व्यास नगरपालिका वडा नं.१० को वैरेनी, वडा नं.६ को शिशाघाट र वडा नं.५ को मानुङकोट छनौट भई काम भइरहेको छ । यस कार्यले सम्बन्धित क्षेत्रमा उत्साह जगाएको छ । यस कार्यमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) बाट ३ जना दक्ष प्राविधिक समेत १ वर्षका लागि सहयोगका लागि आउनु भएकोले उक्त संस्थालाई धन्यवाद ज्ञापन गर्दछु ।

७. यस वर्ष वडा नं.४, ७, १० र ११ को वडा कार्यालय आफ्नै भवनमा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा आइसकेको छ भने वडा नं.५ को वडा कार्यालय आफ्नौ भवनमा सञ्चालन गर्ने तयारी भइरहेको छ । वडा नं.९ को वडा कार्यालय भवन ढलान भइसकेको छ भने वडा नं.१ को वडा कार्यालयको जग्गा व्यवस्थापन गरी कार्यालय भवन निर्माण कार्यको लागि टेण्डर भइसकेको छ । वडा नं.१, २, ४, ५, ७ र १० को वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्रको कार्यालय भवन निर्माण कार्य भइरहेको छ ।

८. केशवटार मार्ग, छाब्दी मार्ग, छिर्कने कर्लुङ मार्ग, कमलवारी कर्लुङ मार्ग-१२, खड्गकाली मार्ग-११, पराशर मार्ग-११, कलेस्ती मार्ग-९, क्यामिन पर्यटन मार्ग-७, कालिका मार्ग-७, माहेन्द्री मार्ग-५, वैरेनी नयाँवस्ती मार्ग-१० को टेण्डर प्रक्रिया सम्पन्न भई कालोपत्रे निर्माण गर्ने कार्य भइरहेको छ ।

९. व्यास नगरपालिकाबाट एकीकृत योजना निर्माण गर्दा ऐतिहासिक तनहुँशुर जाने खड्ककाली मार्गको विस्तृत परियोजना तयार गरिएकोले योजना आयोग मार्फत संघीय सरकारमा प्रस्ताव गरिएको १० करोडको समपुरक योजनामा रु.२ करोड यस वर्ष र आगामी वर्ष ३ करोड प्राप्त हुने र नगरपालिकाले दुई वर्षमा ५ करोड खर्च गर्ने गरी योजना स्वीकृत भएकोले टेण्डर प्रक्रिया अघि बढिरहेको छ । साथै प्रदेश सरकारबाट केशवटार मार्गका लागि सशर्त बजेट रु.१ करोड र संघीय सरकारको सिफारिसमा स्थानीय पूर्वाधार विकास कार्यक्रमका लागि रु.२ करोड ५ लाख प्राप्त भएको छ ।

१०. यस वर्ष पौष महिनादेखि सम्पूर्ण सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ सम्मका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिएको छ । संघीय सरकारले सम्बोधन नगर्दासम्म खाजाको व्यवस्था निरन्तर रहने छ । नमूना विद्यालयको पूर्वाधार निर्माणमा करिब ४० विद्यालयमा आर्थिक सहयोग प्रदान गरिएको छ । साथै मा.वि., नि.मा.वि., प्रा.वि. का स्थायी शिक्षकहरुलाई पदस्थापन गर्दै कार्यरत शिक्षकहरुलाई यथावत राख्ने कार्य सम्पन्न गरिएको छ ।

११. खेलकुद अन्तर्गत मेयर कप छात्र र उपमेयर कप छात्रा अन्तर माध्यमिक विद्यालय फुटवल प्रतियोगिता र अन्तर मेयर कप भलिवल प्रतियोगिता, नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड र मानुङकोटदेखि पुलिमराङसम्मको तेस्रो व्यास नगर खुल्ला अल्ट्रा म्याराथन प्रतियोगिता सम्पन्न भइसकेको छ । फाल्गुण २५ गते नारी दिवसका दिन दमौलीदेखि तनहुँशुरसम्म महिला म्याराथन प्रतियोगिता सञ्चालन गर्ने तयारी भइरहेको छ । अन्य विभिन्न युवाहरु संलग्न खेलकुद कार्यक्रममा सहयोग पुर्‍याइदै आइएको छ ।

१२. ८४ वर्ष पुगेका ६३७ जना ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, १६ दिने लैङिंक हिंसा विरुद्धको अभियान, अपांगता भएका नगरवासीलाई परिचयपत्र बाढ्ने कार्य, यूवा परिषद्लाई प्रशिक्षण दिने कार्य सम्पन्न भइसकेका छन् । महिलाहरुको सिप विकास र नेतृत्व विकासका थुप्रै कार्यहरु पनि सम्पन्न भएका छन् ।

१३. सम्बन्धित टोल विकास संस्था स्वयंले विद्युत महशुल बुझाउने गरी शहरी क्षेत्रमा सडक बत्तीको व्यवस्था गरिएको र यसलाई अझ विस्तार गरिदै लगिने छ ।

१४. पर्यटनलाई मुख्य आय बनाउने उद्देश्यले होमस्टेलाई सहयोग गरिएको र बुद्धशान्ति पद मार्गलाई (मनाङदेखि लुम्बिनीसम्म) प्रचार प्रसार गर्न ११ जिल्लाका जनप्रतिनिधिहरु र पर्यटन व्यवसायीहरुको महत्वपूर्ण गोष्ठी समेत सम्पन्न भइसकेको छ ।

१५. पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा शिलन्यास भएको पुलिमराङ स्थित शहिद पार्कको प्रारम्भिक कामको उद्घाटन शहिद दिवसका दिन पूर्व उपप्रधानमन्त्री श्री प्रकाशमान सिंहबाट सम्पन्न भएको छ । उक्त पार्कको विस्तृत परियोजनाको कपी (DPR) समेत बनाइएको छ । व्यास नगरपालिका वडा नं.६ को गलेखाममा View Tower सम्पन्न भई थप काम अघि बढ्नुको साथै तनहुँशुरमा शहिद पार्क, कर्लुङमा कालिका मन्दिर र क्यामिन कालिका, वेनीकोट सिद्धगुफाको निर्माण कार्य अघि बढेको छ । मानुङकोटमा भ्यूटावर निर्माण कार्य टेण्डर प्रक्रिया सम्पन्न भएको छ ।

१६. नगरपालिका स्थापना भएको विगत लामो अवधिमा हामीले फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना गर्न बाँकी नै रहेको छ । व्यास ५ स्थित टेकन थुम्कीमा गरिएको गृहकार्य विविध कारणले स्थगित भएकोले वैकल्पिक फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना गर्न गृहकार्य भइरहेको छ ।

१७. यि र यस्तै थुप्रै कार्यहरुमा नगरपालिका नगरवासीको हितमा निष्ठापूर्वक लागि परेको छ । विकास निर्माणका कार्यमा गतवर्षको तुलनामा यसवर्ष केही प्रगति भएको महशुस गरिएको छ । गत वर्ष ६ करोड ५० लाख भन्दा बढिको क्रमागतहरु योजना रहेका थिए । यस्तो क्रमागत

योजनाहरुलाई न्यूनीकरण गर्न यस आर्थिक वर्षमा २० लाख भन्दा कमका योजनाहरु यसै वर्ष सम्पन्न गरिने र सम्पन्न हुन नसकेमा योजनाको रकम फ्रिज हुने नीति लिइएको छ ।

अन्तमा यस कार्यमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु र कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा नगरपालिकाको सेवालाई अझ परिस्कृत गर्न हामी सबै प्रतिवद्ध रहन सकौं ।

**निर्णय नं.२**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७५।०७६ को यथार्थ आयव्यय विवरण र ३१ औं नगर सभाबाट पारित कार्यक्रम तथा बजेटका केही शीर्षकहरुमा विनियोजन गरेको रकम प्राप्त हुन नआउने र केही शीर्षकहरुमा नयाँ थप निकासा प्राप्त हुन आएको हुँदा तपसिल अनुसार आ.व.२०७६/०७७ को कार्यक्रम तथा बजेट ३२ औं नगर सभा समक्ष संशोधनका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१. योजनाबद्ध विकास निर्माण प्रक्रियाको नीति अवलम्बन गर्दै नगरको ग्रामिण एवं पिछडिएको क्षेत्रलाई प्राथमिकतामा राखी स्थानीय जनसहभागिता समेत परिचालन हुने गरी आ.व.२०७६।०७७ का लागि ३१ औ नगर सभाबाट पारित गरिएका कार्यक्रम तथा बजेटमा हालसम्मको प्रगतिलाई मध्यनजर गर्दा केही नयाँ शीर्षकहरु थप हुन आएको र केही शीर्षकहरु विनियोजन गरिएको रकम प्राप्त हुन नसक्ने अवस्था सृजना हुन आएको हुँदा नगर सभा समक्ष तपसिलमा उल्लेखित कार्यक्रम तथा बजेटको संशोधन प्रस्ताव पेश गर्न चाहन्छु । साथै आ.व.२०७५।०७६ मा विनियोजन गरिएको कार्यक्रम तथा बजेटको संक्षिप्त यथार्थ आयव्यय विवरण समेत प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. आर्थिक वर्ष २०७५/०७६ को यथार्थ आयव्यय विवरण**

**(क) आयतर्फ**: आर्थिक वर्षका लागि कुल रु.१ अरब २२ करोड ३४ लाख ८३ हजार ५ सय १२ रुपैयाँको संशोधित आय अनुमान गरिएकोमा रु.१ अरब २० करोड ९० लाख ८१ हजार ८४ रुपैयाँ यथार्थ आय हुन आएको छ । जस मध्ये आन्तरिक श्रोततर्फ रु.१४ करोड ७२ लाख ८८ हजार संशोधित अनुमान गरिएकोमा रु.१४ करोड ४९ लाख ९३ हजार ७५ रुपैयाँ यथार्थ आम्दानी हुन आएको छ भने बाह्य तथा अन्य आयमा रु.१ अरब ७ करोड ६१ लाख ९५ हजार ५ सय १२ रुपैयाँ संशोधित अनुमान गरिएकोमा रु.१ अरब ६ करोड ४० लाख ८८ हजार ९ रुपैयाँ यथार्थ आय हुन आएको छ ।

**(ख) व्ययतर्फ**: आर्थिक वर्षका लागि कुल रु.१ अरब २२ करोड ३४ लाख ८३ हजार ५ सय १२ रुपैयाँको संशोधित विनियोजन गरिएकोमा रु.१ अरब ८ करोड ६३ लाख ३३ हजार ३ सय ६७ रुपैयाँ यथार्थ खर्च हुन आएको छ । जस मध्ये चालु खर्चतर्फ रु.७२ करोड ६३ लाख ३६ हजार ८ सय संशोधित अनुमान गरिएकोमा रु.६५ करोड ९२ लाख ८३ हजार २ सय ५५ रुपैयाँ यथार्थ खर्च हुन आएको छ भने पूँजीगत खर्च तर्फ रु.४९ करोड ७१ लाख ४६ हजार ७ सय १२ रुपैयाँ संशोधित अनुमान गरिएकोमा रु.४२ करोड ७० लाख ५० हजार १ सय १२ रुपैयाँ खर्च हुन आएको छ ।

**श्रद्धेय सभाध्यक्षज्यू,**

यसै गरी अब म चालु आर्थिक वर्ष २०७६/०७७ को हालसम्मको यथार्थ खर्च र संशोधित आयव्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) <u>आयतर्फः</u>** चालु आर्थिक वर्षका लागि कुल रु.१ अरब ३८ करोड ३ लाख २५ हजारको आय अनुमान गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.५९ करोड ३३ लाख ३२ हजार ८ सय ७९ रुपैयाँ यथार्थ आय हुन आएको छ । जस मध्ये आन्तरिक श्रोततर्फ रु.१४ करोड ८५ लाख अनुमान गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.८ करोड ७ लाख ३८ हजार ६ सय ६ रुपैयाँ यथार्थ आम्दानी हुन आएको छ भने बाह्य तथा अन्य आयमा रु.१ अरब २३ करोड १८ लाख २५ हजार अनुमान गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.५१ करोड २५ लाख ९४ हजार २ सय ७३ रुपैयाँ यथार्थ आय हुन आएको छ । हालसम्म हासिल गरिएको प्रगतिलाई दृष्टिगत गरी आन्तरिक श्रोततर्फ विभिन्न शीर्षकहरुमा साविकको आय अनुमानमा रु.१ करोड २१ लाख ९६ हजार थप आय हुने गरी कुल आन्तरिक आय रु.१६ करोड ६ लाख ९६ हजार हुने गरी संशोधित आय अनुमान कायम गरिएको छ भने बाह्य र अन्य आयतर्फ विभिन्न निकायबाट प्राप्त हुने गरी रु.५ करोड ५७ लाख ५५ हजार ७ सय १७ रुपैयाँ थप आय हुने गरी कुल बाह्य र अन्य आय रु.१ अरब २८ करोड ७५ लाख ८० हजार ७ सय १७ रुपैयाँ हुने गरी आन्तरिक, बाह्य र अन्य आय समेत गरी कुल रु.१ अरब ४४ करोड ८२ लाख ७६ हजार ७ सय १७ रुपैयाँको संशोधित आय अनुमान कायम गरिएको छ ।

**ख) <u>व्ययतर्फः</u>** चालु आर्थिक वर्षका लागि ३१ औं नगर सभाबाट खर्चतर्फ कुल रु.१ अरब ३८ करोड ३ लाख २५ हजार विनियोजन गरिएकोमा सो मध्ये चालु खर्चतर्फ रु.७७ करोड ८६ लाख ७९ हजार अनुमान गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.२७ करोड ७८ लाख २ हजार ७ सय ३२ रुपैयाँ यथार्थ खर्च हुन आएको छ भने पूँजीगत खर्चतर्फ रु.६० करोड १६ लाख ४६ हजार विनियोजन गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.१० करोड ९२ लाख ७७ हजार २ सय ५३ रुपैयाँ खर्च हुन आएको छ । यसरी २०७६ पौष मसान्तसम्म चालु खर्च र पूँजीगत खर्च समेत गरी कुल जम्मा रु.३८ करोड ७० लाख ७९ हजार ९ सय ८५ रुपैयाँ यथार्थ खर्च हुन आएको छ । श्रावणदेखि हालसम्मको प्रगति र बाँकी अवधिको सम्भावित खर्चलाई दृष्टिगत गर्दा चालु खर्चतर्फ विभिन्न शीर्षकहरुमा साविकको व्यय अनुमानमा रु.१ करोड ८८ लाख १४ हजार थप व्यय गर्ने गरी कुल चालु खर्च रु.७९ करोड ७४ लाख ९३ हजारको संशोधित अनुमान कायम गरिएको छ भने पूँजीगत खर्चतर्फ विभिन्न कार्यक्रमहरुमा खर्च हुने गरी साविकको व्यय अनुमानमा रु.४ करोड ९१ लाख ३७ हजार ७ सय १७ थप गर्ने गरी कुल व्यय अनुमान रु.६५ करोड ७ लाख ८३ हजार ७ सय १७ रुपैयाँको संशोधित विनियोजन कायम गरिएको छ । यसरी चालु खर्च र पूँजीगत खर्च शीर्षकको खर्च समेत गरी कुल रु.१ अरब ४४ करोड ८२ लाख ७६ हजार ७ सय १७ रुपैयाँको संशोधित विनियोजन कामय हुने गरी व्यय अनुमान गरिएको छ ।

अन्त्यमा, यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को संशोधित बजेट तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने श्रद्धेय नगर प्रमुखज्यू, नगर कार्यपालिकाका बोर्ड सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु एवं सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**<u>निर्णय नं.३:</u>** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा ३१ औं नगर सभाबाट गठित विभिन्न समितिहरुबाट २०७६ श्रावणदेखि पौष मसान्तसम्म भए गरेका कार्यहरुको प्रगति समिक्षा नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आर्थिक ऐन, २०७६ माथि विस्तृत रुपमा अध्ययन गरी तपसिल बमोजिम संशोधन गर्ने गरी आर्थिक विधेयक २०७६ नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| ऐन | भएको व्यवस्था | संशोधन गरी थप/हटाइएको |
|---|---|---|
| दफा ६ अनुसूची ४ (४९) | उद्योग रू.१०००। देख १५०००। | हटाइएको |
| दफा ६ अनुसूची ४ (६६) | इ ा भ ा उद्योग रू.२,०००। देख रू.१५,०००। | इ ा भ ा उद्योग रू.१०,०००। देख रू.२०,०००। |
| दफा ६ अनुसूची ४ (८२) | | चम्नी ई ा उद्योग रू.२०,०००। देख ४०,०००। |
| दफा ८ अनुसूची ६ (५) | पोल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म प्रति व्यानर | पोल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म प्रति व्यानर रू.५०। |
| दफा १५ अनुसूची १३ (२) (१४) | | घ वर्ग इजाजत दस्तुर रू.१०,०००। |
| दफा १५ अनुसूची १३ (२) (१५) | | घ वर्ग इजाजत पत्रको नवीकरण/नामसारी दस्तुर रू.२,०००। |
| दफा १५ अनुसूची १३ (२) (१६) | | घ वर्ग इजाजत पत्रको प्रति ल प दस्तुर रू.५००। |
| दफा १५ अनुसूची १३ (२) (१७) | | घ वर्ग इजाजत पत्रको थप दस्तुर रू.५०००। |
| दफा १५ अनुसूची १३ (२) (१८) | | पत्रको प्रमाणपत्र दस्तुर रू.१००। |
| दफा १५ अनुसूची १३ (२) (१९) | | होमस्टे दर्ता शुल्क रू.१०,०००। |
| दफा १५ अनुसूची १३ (२) (२०) | | होमस्टे नवीकरण शुल्क रू.२,०००। |
| दफा १५ अनुसूची १३ (२) (२१) | | संघसंस्था दर्ता शुल्क रू.१०००। |
| दफा १५ अनुसूची १३ (२) (२२) | | संघसंस्था नवीकरण शुल्क रू.५००। |
| दफा १५ अनुसूची १३ (१०) (ख) | | ५ लाखभन्दा मा थ पूँजी हुने रू.४,०००। |
| दफा १५ अनुसूची १३ (१०) (२) (च) | पूँजी रू.१ करोडभन्दा मा थ रू. प्रति लाख रू.५०। | पूँजी रू.१ करोडभन्दा मा थ रू. प्रति लाख रू.५०। थप |
| दफा १५ अनुसूची १३ (१६) स्वास्थ्य संस्था स्थापना तथा नवीकरण अनुमति दस्तुर | | १। अस्पताल तथा न र्सङ होम स्थापना दस्तुर प्रति शैया रू.४०००।<br>२। डायग्नोस्टिक सेन्टर स्थापना प्रति सेवा रू.१०,०००।<br>३। पो लक्निक\क्लिनिक स्थापना प्रति सेवा रू.१०,०००। |

| | | |
|---|---|---|
| | | ४। आयुर्वेदिक अस्पताल वैकल्पिक च कत्सा स्थापना प्रति शैया रू.२०००।<br>५। आयुर्वेदिक क्लिनिक स्थापना प्रति सेवा रू.५०००।<br>६। अस्पताल तथा न र्सङ होम नवीकरण दस्तुर प्रति शैया रू.५००।<br>७ डायग्नोस्टिक सेन्टर नवीकरण प्रति सेवा रू.१,०००।<br>८। पो लक्निक क्लिनिक नवीकरण प्रति सेवा रू.१,०००।<br>९। आयुर्वेदिक अस्पताल वैकल्पिक च कत्सा नवीकरण प्रति शैया रू.५००।<br>१०। आयुर्वेदिक क्लिनिक नवीकरण प्रति सेवा रू.५००। |
| दफा १६ अनुसूची १४ (१) | स्लेट (बिछ्याउने तथा छाउने ढुङ्गा, खरी, चुन ढुङ्गा) -प्रति क्यु. फट रू.२।५० | स्लेट (बिछ्याउने तथा छाउने ढु ङ्गा, खरी, चुन ढुङ्गा) -प्रति क्यु. फट रू.०।५० |

**निर्णय नं.५**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विनियोजन ऐन, २०७६ माथि विस्तृत रुपमा अध्ययन गरी तपसिल बमोजिम संशोधन गर्ने गरी विनियोजन विधेयक २०७६ नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्तावना**: व्यास नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी व्यास नगर सभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**:

(१) यस ऐनको नाम "व्यास नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।
(२) यो ऐन प्रमाणिकरण भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले व्यास नगरपालिकाको संशोधित विनियोजन ऐन, २०७६ सम्झनुपर्छ ।
(ख) "कार्यपालिका" भन्नाले व्यास नगर कार्यपालिका सम्झनुपर्छ ।
(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।
(घ) "सभा" भन्नाले व्यास नगरपालिकाको सभा सम्झनुपर्छ ।
(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

३. **आर्थिक वर्ष २०७६/०७७ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने**:

आर्थिक वर्ष २०७६/०७७ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु.१,४४,८२,७६,७१७ (अक्षेरुपी एक अरब चौवालीस करोड बयासी

लाख छहत्तर हजार सात सय सत्र रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजन:**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त व्यास नगरपालिकाको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजीगत खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थापन खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृत लिनुपर्नेछ ।

## अनुसूची १
### (दफा (२) सँग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

**रु.हजारमा**

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | १५ | नगर कार्यपालिका | ७८७४९३। | ६४५७८३।७१ | ०। | १४३३२७६।७१ |
| २. | | वडा समिति | ०। | ०।० | ०। | ०। |
| ३. | | विषयगत शाखा | ०। | ०।० | ०। | ०। |
| ४. | २ | ऋणको साँवा, व्यास भुक्तानी | १००००। | ०।० | ५०००। | १५०००। |
| ५. | | लगानी (शेयर/ऋण) | ०। | ०।० | ०।० | ०। |
| जम्मा | १७ | | ७९७४९३। | ६४५७८३।७१ | ५०००। | १४४८२७६।७१ |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास अवतरण भूमिको विकास कार्यमा दमौलीमा हुन गइरहेको विराट ज्ञान महायज्ञमा व्यासको १०८ फिटे मूर्ति निर्माणका लागि आगामी आर्थिक वर्षको बजेटबाट रु.१ करोड विनियोजन गर्ने प्रतिवद्धता पत्र नगर सभा समक्ष प्रस्ताव पेश गर्ने ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नगरपालिका अन्तर्गत चालु आर्थिक वर्षमा संचालन हुने गरी विभिन्न निर्माण तथा खरिद कार्यको लागि आब्हान गरिएको बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्म वा कम्पनीका सिलबन्दी बोलपत्रहरु मध्ये मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएबमोजिम तपशिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | योजनाको नाम | कवोल मूल्य (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) | ठेकेदारको नाम |
|---|---|---|---|
| १. | व्यास न.पा वडा नं.१,२,३ र ४ को शहरी सडकको आवधिक मर्मत | रु.४५,३५,९३०।७० | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. कलंकी १४ काठमाण्डौ । |
| २. | छाब्दी मार्ग (पिच,नाला, र कजवे निर्माण) | रु.३३,२०,०५४।६० | श्री हरि शान्ति कन्स्ट्रक्सन/रघु ब्रदर्श व्यास २ तनहुँ |
| ३. | मानहुँकोट पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार (प्लाटफर्म र सेड) निर्माण | रु.३१,५८,०४७।४० | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. कलंकी १४ काठमाण्डौं |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ अन्तर्गत प्रशासन चोकबाट वन कार्यालयसम्मको सडक चौडा र कालोपत्र गर्ने कार्यको लागि गत आर्थिक वर्षमा रु.१०,००,०००। (दश लाख) को कार्यक्रम स्वीकृत भई क्रमागत योजना कायम गरिएकोमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा उक्त योजना परिवर्तन गरी तपसिल बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | सत्यवती टोलमा अर्न्तगत सत्यावती मार्गको बाटोको भागमा परेका ३ वटा नाला स्तरानान्तरण | रु.१,४२,०००। |
| २. | बालमन्दिर टोल अर्न्तगत भरत श्रेष्ठको घर अगाडि देखि पूर्व हरि अधिकारीको घरसम्मको पश्चिम भागमा नाला निर्माण | रु.३,८७,०००। |
| ३. | बागबजार टोल अर्न्तगत तल्लो रोडमा अनुराग श्रेष्ठको घरदेखि दक्षिणतर्फ बसन्त थापाको घर देखि बसपार्क जाने बाटोसम्मको बागबजार मार्गमा स्ल्याव सहितको नाला निर्माण | रु.४,१३,५१५। |
| ४. | मालेबगर टोलमा रहेको नालामा स्ल्याब राख्ने योजना | रु.५७,४००। |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको मौज्दात कोषबाट संचालन हुने गरी वडा नं ४, ५, ७, १० र ११ को वडा कार्यालय भवन निर्माण सम्बन्धी योजना स्वीकृत भई जिल्ला समन्वय समिति र यस कार्यालय बीच कार्यान्वयन सम्बन्धी सम्झौता भएकोमा

वडा कार्यालयहरुको भवन निर्माण सम्बन्धी कार्य सम्पन्न भएको हुँदा जिल्ला समन्वय समितिसँग अन्तिम किस्ता निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) गर्ने कार्य सम्पन्न भएको हुँदा उक्त प्रतिवेदनलाई क्रमशः कार्यान्वयन गर्दै जान नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७५।०७६ को अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल गरियो । उक्त प्रतिवेदनले औंल्याएका विषयहरुलाई हेर्दा असुल उपर र नियमित गर्नेपर्ने बेरुजुहरु असुल उपर गर्न कार्यलयलाई निर्देशन दिने र सुधार गर्नुपर्ने भनी औंल्याइएका विषयहरुका सम्बन्धमा आगामी दिनमा अत्यन्त संवेदनशील भई कार्य सम्पादन गर्दै जान सम्पूर्ण वडा कार्यालय र कार्यालयलाई निर्देशन दिनका लागि नगर सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा २०७६ माघ २ गतेदेखि हाजीर हुनुभएका इन्जिनियर श्री अमृत के.सी.लाई भवन नियमन तथा नक्शापास उपशाखाको प्रमुखको रुपमा जिम्मेवारीको अलावा नगरपालिकामा सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी कतिपय आयोजनाहरुको स्ट्रक्चर डिजाइन समेत गर्नुपर्ने भएको हुँदा सो सम्बन्धी कार्य सम्पादन जिम्मेवारी समेत थप गर्नुपर्ने साथै कार्यालय समय अतिरिक्त समय समेत काममा लगाउनुपर्ने भएको हुँदा निजलाई मासिक रु.७,०००। बराबरको आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा वडा नं.९ मा कार्यरत इन्जिनियर श्री कमल शर्मा र वडा नं.५ मा कार्यरत सव इन्जिनियर श्री सुशील पण्डितलाई वडा कार्यालयमा हाजीर भएको मितिदेखि लागू हुने गरी र इन्जिनियर श्री अमृत के.सी.लाई कार्यालयमा हाजीर भएको मितिदेखि लागू हुने गरी अन्य प्राविधिक कर्मचारीले खाइपाइ आएसरह प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कार्यरत करार सेवामा कार्यरत कर्मचारीहरुको साविकको सेवा, शर्त र सुविधा मध्ये खाइपाई आएको महंगी भत्ता (महालेखा नियन्त्रक कार्यालयको २०७६।९।११ को पत्र अनुसार) उपलब्ध नगराउने तर सोही रकम बराबरको रकम करार सम्झौताको मान्य अवधिभर नै प्रोत्साहन स्वरुप उपलब्ध गराउने तथा अन्य सेवा, शर्त र सुविधा यथावत कायम रहने गरी २०७७ आषाढ मसान्तसम्म करार सेवाको म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१५**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा शिक्षा नियमावली २०७६ लाई निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| नियम | भएको व्यवस्था | संशोधन गरी थप/हटाइएको |
|---|---|---|
| नियम ५० (११) | | प्रधानाध्यापक नियुक्ति सम्बन्धी छनौट सिफारिस समितिमा तल लेखिएबमोजिम पदाधिकारी सदस्य रहनेछन्:<br>(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष अध्यक्ष<br>(ख) नगर शिक्षा अधिकारी सदस्य<br>(ग) वरिष्ठतम स्थायी शिक्षक मध्येबाट नगरपालिका कार्यालयले तोकेको विज्ञ सदस्य |

| | | |
|---|---|---|
| | | (घ) विद्यालय व्यवस्थापन समितिले तोकेको प्रधानाध्यापक वा सम्बन्धित विद्यालयको वरिष्ठ शिक्षक सदस्य सचिव |
| अनुसूची १२ नियम (१०) | शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपाङ्ता उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशः महिला, दलित र अपांगता उममेदवारलाई सिफारिस गर्नुपर्नेछ । | हटाइएको |
| नियम ५४ (१) (क) | विद्यालय रहेको वडाको अध्यक्ष– अध्यक्ष | सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- अध्यक्ष |
| नियम ५४ (१) (ख) | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष-सदस्य | हटाइएको |
| नियम ५४ (१) (ग) | नगर शिक्षा अधिकारीले तोकेको शिक्षा अधिकृत वा निरीक्षक वा विशेषज्ञ शिक्षक सदस्य | नगर शिक्षा अधिकारी वा निजले तोकेको नगरपालिकाको अधिकृत प्रतिनिधि सदस्य |
| नियम ५४ (१) (घ) | सुचिकृत विज्ञ मध्ये विषय विशेषज्ञ एक जना सदस्य | सूचिकृत विज्ञ मध्ये विषय विशेषज्ञ दुई जना सदस्य |
| नियम ५५ (१) | स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले प्रमुख प्रशासकीय अधिकृत मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नुपर्ने । | स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले नगर शिक्षा अधिकारी मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नुपर्ने । |
| नियम ५७ (६) | | दरबन्दी रिक्त भई विषय वा तह मिल्ने भएमा अर्को प्रदेश, जिल्ला र अन्तरपालिकामा भएको शिक्षकलाई सम्बन्धित विद्यालय र कार्यपालिकाले निर्णय गरी सहमति दिएमा यस नगर कार्यपालिकाको निर्णयबाट नियमानुसार नगर शिक्षा अधिकारीले सरुवा गर्न सक्नेछन् । |

**निर्णय नं.१६**: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा नेपालको संविधान २०७२ बमोजिम देशमा संघीय गणतान्त्रिक व्यवस्था लागू भएपश्चात् सम्पन्न स्थानीय तहको पहिलो एवं ऐतिहासिक निर्वाचनमा ज्यान गुमाउन पुगेका यस नगरपालिका वडा नं.१ निवासी वरिष्ठ संगितकर्मी एवं शैक्षिक आन्दोलनका मुर्धन्य व्यक्तित्व स्व. विक्रम परियारका छोराछोरीहरुको पठन पाठनको लागि आवश्यक शैक्षिक सामग्री (संगित सम्बन्धी) खरिदको लागि रु.५०,०००। (पचास हजार) सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७**: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास मादी उपत्यका एकीकृत विकास आयोजना कार्यान्वयनको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा परामर्श सेवा खरिदको लागि मिति २०७६।९।१७ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा इ.ओ.आई. माग सम्बन्धी सूचना प्रकाशित गरिएकोमा तोकिएको समयमा दर्ता हुन आएका विभिन्न परामर्शदाता संस्थाहरुको इ.ओ.आई. सम्बन्धी प्रस्तावहरु मध्ये सबैभन्दा उच्च अंक प्राप्त गर्ने तपसिलमा उल्लेखित परामर्शदाताहरुको प्रस्तावलाई स्वीकृत गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने सम्बन्धमा आवश्यक निर्णयको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएबमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री ECoCoDE Nepal Paragon_Epicentery JV ललितपुर ।
२. श्री Building Design Authority (p) Ltd. काठमाण्डौं ।
३. श्री CMs Pencil Engineering Consultancy P. Ltd. काठमाण्डौं ।
४. श्री EXECUTIVE-NDC काठमाण्डौं ।
५. श्री Planet Test (P) LTD. काठमाण्डौं ।
६. श्री BDAnepal-Milestone-RETRO JV काठमाण्डौं ।
७. श्री NEST-UPDCN-ADA JV पुल्चोक, ललितपुर ।
८. श्री TMS JV RIMC काठमाण्डौं ।
९. श्री IDI Pvt. Ltd-Grid Consult Pvt. Ltd.-Genesis Consultancy Pvt. Ltd. JV ललितपुर ।